प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र**
प्रदेश नं. १
इनरुवा, सुनसरी

फोन नं. ०२५-५६०१६२
फ्याक्स नं.०२५-५६१९८२
Email:vhlssunsari@gmail.com
Website:www.vhlssunsari.gov.np

# प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०५/३१
प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७७/०६/१५

यस बिज्ञ केन्द्रको आ.ब.२०७७/७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यबिधि २०७६ ले तोके वमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न ईच्छुक आवेदकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समय भित्रमा प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समाचेस हुन नसक्ने व्यहोरा समेत यसै सुचना द्वारा जानकारी गराईन्छ ।थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र इनरुवा, सुनसरीको फोन न. ०२५-५६०१६२ र ०२५-५६१९८२ मा सम्पर्क राख्न हुन साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेवसाईट www.molmac.p1.gov.np / यस केन्द्रको वेबसाइट www.vhlssunsari.gov.np बाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।एउटै प्रकृतिका कार्यक्रमका लागि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश न. १ वा सो अन्तर्गतका निकायहरुबाट अनुदान प्राप्त गरेका व्यवसायी वा संस्थाले ३ वर्ष सम्म अनुदान प्राप्त गर्ने छैन।

कार्यक्रम विवरण:

| सि. न. | कार्यक्रमको नाम | ईकाई | परिमाण | प्रति ईकाई अधिक्तम उपलब्ध हुने अनुदान रकम(रु.लाखमा) | कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ संग सम्बन्धित बुदा नं. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १ | बाख्राको बृहत्तर पकेट प्याकेज कार्यक्रम | संख्या | २ | २० | ८४ | कृषि पशुपालनमा आवद्ध सहकारी संघ/संस्था, बाख्रापालन व्यवसायिक संघ संस्था, कृषक समूह/समिति |
| 2 | युवा लक्षित पशु विकास कार्यक्रम(गाई/भैंसि/बाख्रा/बंगुर/ कुखुरा/पशुजन्य उधोग पशुपन्छी बजार प्रवर्द्धन ) | संख्या | १० | २ | ८१ | शिक्षित बेरोजगार/एकल महिला/दलित/जनजाति र पिछडिएको वर्ग/महिला/सम्बन्धित विषयमा तालिम प्राप्त |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | युवाहरु/वैदेशिक रोजगारबाट फर्किएका युवाहरु |

<u>प्रस्तावका साथ संलग्न हुनु पर्ने कागजातहरु:</u>

१. तोकिएको ढाँचा बमोजिम रु १०। को हुलाक टिकट टाँस गरेका आवेदन ।

२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना।

४. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि ।

५.एकाघरको परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद सहित मंजुरी दिने र लिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

६. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्ष अवधिको करारनामा वा सम्झौता पत्र ।

७. प्रचलित कानुन बमोजिम अधिकारीक निकायमा संस्था /फर्म/ व्यवासाय दर्ता /नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

८. समुह/समिति/सहकारीको हकमा समितिको निर्णयको प्रतिलिपि ।

९. अघिल्लो आ.व.को लेखा परिक्षणको प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

१०. लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।

११. विगत ३ वर्षमा प्रस्तावित कार्यक्रमको लागि अनुदान नलिएको स्वघोषणापत्र।

१२. प्रचलित कानुन बमोजिम कुनै कार्वाहीमा नपरेको स्वघोषणापत्र।

१३. स्थानिय तहको पशुपन्छी शाखाको सिफारिसपत्र।

१४. कार्यविधिमा उल्लेख भए अनुसार थप कागजात आवश्यक परेमा माग गर्न सकिनेछ ।

नोटः आवेदनका लागि तोकिएको ढाँचा अनुसारको फर्मेटहरु यस कार्यालयबाट कार्यालय समय भित्र निशुल्क उपलब्ध गराइने छ।

राजकुमार
( कार्यालय प्रमुख)

नि. कार्यालय प्रमुख